# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०५।०२ गते।

## प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादी रामचन्द्र मण्डल रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट नक्कली शैक्षिक प्रमाणपत्र पेश गरी अस्थायी शिक्षकको नियुक्ति लिई लाभ सुविधा लिएको साथै सोही अस्थाई शिक्षकको सेवा अवधिको निरन्तरतामा स्थायी पदमा समेत नियुक्त भई लाभ र सुविधा लिएको सःप्रमाण पुष्टि हुन आएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसुर गरेको पुष्टि भएको हुँदा प्रतिवादी रामचन्द्र मण्डललाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई विशेष अदालतमा मुद्दा दायर गरिएकोमा विशेष अदालतको मिति २०८०।०९।१९ फैसलाबाट उक्त मुद्दाका प्रतिवादी रामचन्द्र मण्डललाई

- अनुसन्धानको क्रममा कसुरमा साविती रहेतापनि अदालत समक्षको वयानमा कसूरमा ईन्कार रहेको,
- प्रतिवादी मा.बि. तृतीय तहको स्थायी शिक्षक रहेको देखिँदा मागदाबीमा प्रमाण पत्रले निजको सेवामा कुनै प्रभाव पनि नपर्ने र निजले कुनै फाईदा लिन सक्ने अवस्था पनि नदेखिएको,
- प्रतिवादीले अदालत समक्ष गरेको वयानमा उक्त प्रमाण पत्र आफूले पेश नगरेको

लगायतका आधारमा सफाई दिएकोमा आयोगबाट देहायका आधारहरु लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१।०५।०२ मा पुनरावेदन गरिएको छ।

देहायः

- प्रमाण ऐन, २०३१ को दफा ९ को उपदफा (१) मा मुद्दाका कुनै पक्षले व्यक्त गरेको कुनै कुरा निजका विरुद्ध प्रमाणमा लिन हुन्छ भन्ने कानूनी व्यवस्था रहेकोमा, प्रतिवादीले मौकामा गरेको हस्तलिखित वयान, निवेदकले दिएको प्रतिवादी उपरको किटानी उजुरी, सरस्वती मा.वि कल्याणपुरको शिक्षक आवश्यकता सम्वन्धि विज्ञापनको सरस्वती मा.वि कल्याणपुरको मा.वि गणित विषयको रिक्त पदमा रामचन्द्र मण्डललाई नियुक्त गर्ने सम्बन्धमा विद्यालय व्यवस्थापन समितिको निर्णय, शिक्षा विकास तथा समन्वय इकाइ मोरङको छानविन तथा कारवाही सम्वन्धी पत्र लगायतका कागजातहरुलाई प्रमाण ऐन,२०३१ को दफा ९(२)(क) अनुसार प्रमाणमा लिनु पर्ने देखिएको र यी कागजातहरुबाट प्रतिवादीले अदालत समक्ष गरेको ईन्कारी वयान खण्डित भै रहेको अवस्थामा आरोपित कसूर तथा सजायवाट उन्मुक्ति पाउने मनसायले अदालत समक्ष गरेको ईन्कारी वयानलाई आधार बनाई सफाई दिएको उक्त फैसला त्रुटीपूर्ण रहेको।

- प्रतिवादीले नक्कली शैक्षिक प्रमाणपत्रको आधारमा नै सरस्वती मा.वि बरडङ्गाको स्रोतव्यक्तिको लियन पद गणित विषयको शिक्षकमा भएको नियुक्तिबाट देखिएको। मा.वि. शिक्षक पदको लागि आवश्यक न्यूनतम योग्यतामा B.Sc. वा वि.एडमा गणित विषय लिई उत्तिर्ण गरेको हुनु पर्नेमा निजले पेश गरेको मगध युनिभर्सिटी (भारत) को प्रमाण पत्र नक्कली रहेको देखिएको, राष्ट्रसेवाको शुरुवात नै नक्कली शैक्षिक प्रमाणको आधारबाट भएको र राज्यको लाभ सुविधा पाउने उद्देश्यले नक्कली शैक्षिक प्रमाण पत्र पेश गरी लाभ लिएको पुष्टि हुन आएको,
- कुमारबहादुर कटुवाल विरुद्ध श्री ५ को सरकार भएको भ्रष्टाचार मुद्दामा "प्रतिवादीले संस्कृत वोर्ड पटनाको लब्धांक पत्र, अस्थायी प्रमाणपत्र लगायतका शैक्षिक प्रमाणपत्रहरुको आधारमा कुनै लाभ हासिल नगरेको भन्ने प्रतिवादीको जिकिर भएपनि उक्त प्रमाण पत्र प्रतिवादीले पेश गरी निजको व्यक्तिगत फाईलमा संलग्न रहन पुगेको सन्दर्भमा निजले उक्त प्रमाणपत्रहरु बढुवा पाउने समेतको उद्देश्यले पेश गरेको होइन भनी विश्वास गर्न नसकिने। राष्ट्रसेवक कर्मचारीले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्रहरु गलत देखिन आएको स्थितिमा निजले सो प्रमाणपत्रबाट के कति फाईदा लियो वा लिएन भन्ने कुरा निजले गलत प्रमाणपत्र पेश गरी योग्यता ढाँट्ने कार्य गरेको कसूरको सन्दर्भमा गौण महत्वको मान्नु पर्ने भएबाट पनि प्रतिवादीले उक्त प्रमाणपत्रबाट कुनै लाभ प्राप्त नगरेको भन्ने जिकिरको आधारमा प्रतिवादीले कसूरबाट उन्मुक्ति पाउने अवस्था नदेखिने" भनी (नेकाप २०६२, अंक १०, नि.नं. ७६०५) मा सिद्धान्त प्रतिपादन भएकोमा उक्त सिद्धान्त प्रतिकुल हुने गरी भएको प्रस्तुत फैसला त्रुटीपूर्ण रहेको।
- मगध युनिभर्सिटी वोध गयाको प्रमाण पत्र गलत हो मैले पढेको छैन, पास पनि गरेको छैन साँचो हो झुठा भएमा कानून बमोजिम सहुँला" भनी उल्लेख गरेको वयानले उनको अदालत समक्षको वयान व्यहोरालाई खण्डित गरेको, साक्षी केशव प्रसाद भट्टराईले वकपत्रमा उल्लेख गरेको "दर्खास्त पेश गर्दा उक्त प्रमाणपत्र पेश गरेका थिएनन्" भन्ने तथ्यलाई शिक्षा विकास तथा समन्वय इकाइ मोरङको पत्रले खण्डित गरेकोले "सो प्रमाणपत्र पेश गर्नुको आशय पदमा बहाल रहिरहने र मौका प्राप्त हुँदा त्यसबाट लाभ लिने देखिन आएबाट झुठा विवरण पेश गरी सकेको कुरामा त्यसबाट लाभ लिएको छैन भन्ने पुनरावेदकले गरेको जिकीर मान्य हुने देखिएन" भनी प्रतिपादन भएको सिद्धान्तको प्रतिकूल भएको उक्त फैसला त्रुटीपूर्ण रहेको।

प्रवक्ता
नरहरि घिमिरे

देहायः

| सि.नं. | प्रतिवादी | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | रामचन्द्र मण्डल (विशेष अदालतको मुद्दा नं. ०७९-CR-०१७३ र फैसला मिति २०८०/०९/१३) | झुट्टा शैक्षिक प्रमाण पत्रको आधारमा नियुक्ति लिई भ्रष्टाचार गरेको। | प्रतिवादी रामचन्द्र मण्डलले शिक्षक पदमा नियुक्तिका लागि पेस गरेको MAGADH UNIVERSITY, BODH-GAYA को B.SC. को शैक्षिक योग्यताको प्रमाणपत्र गलत र नक्कली भएको तथ्यमा सावित रही बयान गरेको र निजको शैक्षिक योग्यताको प्रमाणपत्र सत्यापनको लागि पठाउँदा समेत MAGADH UNIVERSITY, BODH-GAYA बाट प्राप्त विवरणमा Ramchandra Mandal, Roll. No.१०६४०, Regd. No.६४२९०/९७, B.SC., Exam १९९७, Remarks Fake भन्ने व्यहोरा उल्लेख भई आएको देखिँदा निज आरोपित रामचन्द्र मण्डलले झुट्टा | **फैसलाः**<br>आरोपीतले कसूरवाट सफाई पाउने।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारः**<br>**क.** प्रतिवादी रामचन्द्र मण्डल अनुसन्धानको क्रममा कसूरमा सावित रहेता पनि अदालत समक्षको वयानमा कसूरमा ईन्कार रहेको।<br>**ख.** प्रतिवादी मा.बि. तृतीय तहको स्थायी शिक्षक रहेको देखिँदा माग दाबीमा प्रमाण पत्रले निजको सेवामा कुनै प्रभाव पनि नपर्ने र निजले कुनै फाईदा लिन सक्ने अवस्था पनि नदेखिएको।<br>**ग.** प्रतिवादीले अदालत समक्ष गरेको वयानमा उक्त प्रमाण पत्र आफूले पेश नगरेको जिकिर गरेको। विद्यालय संचालक समितिका अध्यक्ष केशव प्रसाद भट्टराईले स्वयंले यी प्रतिवादीले अस्थायी नियुक्ति प्राप्त गर्न दर्खास्त पेश गर्दा उक्त प्रमाणपत्र पेश गरेका थिए भन्न | **विशेष अदालत काठमाण्डौले प्रतिवादीलाई आरोप मागदावीबाट सफाई दिने गरी फैसला गर्दा लिएका देहायका आधार, कारणहरु हदसम्म बदरबागी रहेकोः**:<br>**क.** प्रतिवादीले अदालतमा कसूरमा ईन्कार गरी गरेको वयानमा सन्दर्भमा Common Law System अन्तर्गतको फौजदारी न्याय प्रक्रियामा पिडकलाई समेत Right to Silence को साथै Self Criminalization गर्न वाध्य नपारिने हक रहेको। प्रमाण ऐन, २०३१ को दफा ९ को उपदफा (१) मा मुद्दाका कुनै पक्षले व्यक्त गरेको कुनै कुरा निजका विरुद्ध प्रमाणमा लिन हुन्छ भन्ने कानूनी व्यवस्था रहेकोमा सो कानूनी व्यवस्थाको गलत अर्थ लगाई प्रमाणमा ग्रहण नगरी तथा प्रतिवादीले मौकामा गरेको हस्तलिखित वयान, निवेदकले दिएको यी प्रतिवादी उपरको किटानी उजुरी, सरस्वती मा.जि कल्याणपुरको शिक्षक आवश्यकता सम्वन्धि विज्ञापनको सरस्वती मा.वि कल्याणपुरको मा.वि गणित विषयको रिक्त पदमा रामचन्द्र मण्डललाई नियुक्त गर्ने निर्णय गरिएको बैठकको निर्णय, शिक्षा विकास तथा समन्वय इकाइ मोरङको छानविन तथा कारवाही सम्वन्धी पत्र लगायतका कागजातहरुलाई प्रमाण ऐन,२०३१ को दफा ९(२)(क) अनुसार प्रमाणमा लिनु पर्ने देखिएको र यी कागजातहरुबाट प्रतिवादीले अदालत समक्ष गरेको ईन्कारी वयान खण्डित भै रहेको अवस्थामा मिसिल संलग्न अन्य प्रमाणहरुको आधारमा न्यायिक निरोपण गरिनु पर्नेमा, केवल आरोपित कसूर तथा सजायवाट उन्मुक्ति पाउने मनसायले अदालत समक्ष गरेको ईन्कारी वयानलाई आधार वनाई सफाई दिएको उक्त फैसला त्रुटीपूर्ण रहेको।<br>**ख.** प्रतिवादी मा.बि. तृतीय तहको स्थायी नियुक्त शिक्षक रहेको देखिँदा मागदाबीमा प्रमाण पत्रले निजको सेवामा कुनै प्रभाव पनि नपर्ने र निजले कुनै फाईदा लिन सक्ने अवस्था पनि नदेखिएको। निज प्रतिवादी रामचन्द्र मण्डलको शिक्षण पेशाको शुरुवात नै सरस्वती मा.वि बरडङ्गाको स्रोतव्यक्तिको लियन पद गणित विषयको शिक्षकमा भएको नियुक्तिबाट देखिएको। पदको लागि आवश्यक न्यूनतम योग्यतामा B.Sc. वा वि एडमा गणित विषय लिई उत्तिर्ण गरेको हुनु पर्नेमा निजले पेश गरेको मगध युनिभर्सिटी (भारत) को प्रमाण पत्र नक्कली रहेको देखिएको। सोही गणित शिक्षक भएर नै सरस्वती मा.वि. बरडंगाबाट मा.वि. झुर्किया हुदै शिक्षा सदन मा.वि. विराटनगर सरुवा भएको। अस्थायी शिक्षकको रुपमा कार्यरत रहेको अवधि गणना गरी मा.बि. तृतीय तहको स्थायी विज्ञान शिक्षकको रुपमा नियुक्ति लिन सफल भएको देखिएको। राष्ट्रसेवाको शुरुवात नै नक्कली शैक्षिक प्रमाणको आधारबाट भएको देखिएको। निज प्रतिवादीले गणित शिक्षकको ओहदा पाउने र राज्यको लाभ सुविधा पाउने उद्देश्यले नक्कली शैक्षिक प्रमाण मगध युनिभर्सिटी भारतको B.Sc. गणित विषय लिई पास गरेको झुठा शैक्षिक योग्ता पेश गरी लाभ लिएको पुष्टि हुन गएको। सोही सन्दर्भमा तारा राजभण्डारी कार्की विरुद्ध नेपाल सरकार भएको भ्रष्टाचार (नक्कली प्रमाणपत्र) मुद्दामा "अपराध हुनलाई आपराधिक कार्य (Actus Reus) र आपराधी मन (Means rea) दुवै आवश्यक हुने। पेश भएको सर्टिफिकेट ओहदा पाउन, ओहदामा बहाल हुन वा कुनै लाभ सुविधा प्राप्त गर्ने उद्देश्यले पेश नगरेको भन्ने भएकोमा पेश गर्न आवश्यकै नभएको सर्टिफिकेट नक्कली बनाई पेश गर्ने कार्य पछाडि ओहदासम्वन्धी सम्भावित लाभ प्राप्त गर्ने आपराधिक अभिप्राय वा उद्देश्य रहेको स्पष्ट देखिन आउँदा नक्कली प्रमाणपत्र पेश गर्ने कार्यमा आपराधिक कार्य र आपराधिक मन वा उद्देश्य समेतका दुवै तत्व समावेश भएको देखिने" भनी (नेकाप २०६५, अंक ६, नि.नं. ७९७४) मा सिद्धान्त प्रतिपादन भएको। त्यसैगरी कुमारबहादुर कटुवाल विरुद्ध श्री ५ को सरकार भएको भ्रष्टाचार मुद्दामा "प्रतिवादीले संस्कृत वोर्ड पटनाको लब्धांक पत्र, अस्थायी प्रमाणपत्र लगायतका शैक्षिक प्रमाणपत्रहरुको आधारमा कुनै लाभ हासिल नगरेको भन्ने प्रतिवादीको जिकिर भएपनि उक्त प्रमाण पत्र प्रतिवादीले पेश गरी निजको व्यक्तिगत फाईलमा संलग्न रहन पुगेको सन्दर्भमा निजले उक्त प्रमाणपत्रहरु बढुवा पाउने समेतको उद्देश्यले पेश गरेको होइन भनी विश्वास गर्न नसकिने। राष्ट्रसेवक कर्मचारीले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्रहरु गलत देखिन आएको स्थितिमा निजले सो प्रमाणपत्रबाट के कति फाईदा लियो वा लिएन भन्ने कुरा निजले गलत प्रमाणपत्र पेश गरी योग्यता ढाँट्ने कार्य गरेको कसूरको सन्दर्भमा गौण महत्वको मान्नु पर्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | शैक्षिक प्रमाणपत्रको आधारमा अस्थाई शिक्षक नियुक्ति भई लाभ, सुविधा लिएको साथै सोही अस्थाई शिक्षकको सेवा अवधिको निरन्तरतामा स्थायी पदमा समेत नियुक्त भई लाभ र सुविधा लिएको सःप्रमाण पुष्टि हुन आएकोले प्रतिवादी रामचन्द्र मण्डलले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसुर गरेको पुष्टि भएको हुँदा निज प्रतिवादी रामचन्द्र मण्डललाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिइएको। | सकेको देखिदैन। उक्त प्रमाणपत्र निजले पेश गरेको भन्ने अन्य बस्तुगत आधार समेत मिसिलबाट नदेखिँदा विवादित मगध विश्वविद्यालयको प्रमाणपत्र प्रतिवादी स्वयंले पेश गरेको तथ्य विश्वासनीय आधारमा पुष्टि हुन नसकेको। | भएबाट पनि प्रतिवादीले उक्त प्रमाणपत्रबाट कुनै लाभ प्राप्त नगरेको भन्ने जिकिरको आधारमा प्रतिवादीले कसूरबाट उन्मुक्ति पाउने अवस्था नदेखिने" भनी (नेकाप २०६२, अंक १०, नि.नं. ७६०५) मा सिद्धान्त प्रतिपादन भएकोमा उक्त सिद्धान्त प्रतिकुल हुने गरी भएको प्रस्तुत फैसला त्रुटीपूर्ण रहेको।<br>**ग.** प्रतिवादीले अदालत समक्ष गरेको वयानमा उक्त प्रमाण पत्र आफूले पेश नगरेको जिकिर गरेको। विद्यालय संचालक समितिका अध्यक्ष केशव प्रसाद भट्टराईले यी प्रतिवादीले लिएको पदमा अस्थायी नियुक्ति प्राप्त गर्न दर्खास्त पेश गर्दा उक्त प्रमाणपत्र पेश गरेका थिए भन्न नसकेको। उक्त प्रमाणपत्र निजले पेश गरेको भन्ने अन्य बस्तुगत आधार समेत मिसिलबाट नदेखिँदा विवादित मगध विश्वविद्यालयको प्रमाणपत्र प्रतिवादी स्वयंले पेश गरेको तथ्य विश्वासनीय आधारमा पुष्टि हुन सकेन भन्ने निर्णयाधारका सन्दर्भमा, प्रतिवादीले अनुसन्धान अधिकृत समक्षको वयानमा "सरस्वती मा.वि.कल्याणपुरमा गणित विषयको शिक्षकको लागि खुलाईएको विज्ञापनमा वि.एस.सी मा गणित खाँचो भएकोले मगध युनिभर्सिटी वोध गयाको प्रमाण पत्र लियन पद हो राखिदिनु भनी प्र.अ.श्री विन्देश्वर मण्डलको अनुरोध पछि विद्यालयमा सपोर्टको लागि राखेको। मगध युनिभर्सिटी वोध गयाको प्रमाण पत्र गलत हो मैले पढेको छैन, पास पनि गरेको छैन साँचो हो झुठा भएमा कानून बमोजिम सहुँला भनी उल्लेख गरेको वयानले उनको अदालत समक्षको वयान व्यहोरालाई खण्डित गरेको। अर्का साक्षी केशव प्रसाद भट्टराई जुन प्रतिवादी रामचन्द मण्डलका साक्षीको रुपमा अदालतको वकपत्रमा उपस्थित छन्। उनै साक्षी उक्त सरस्वती मा.वि. कल्याणपुरका तत्कालीन विद्यालय संचालक समितिका अध्यक्ष र निज प्रतिवादीलाई नियुक्त गर्ने निर्णयकर्ता समेत रहेको हुँदा निज साक्षीले प्रतिवादी कै पक्षका कुरा गर्नु अन्यथा होइन, तर निज केशव प्रसाद भट्टराईले वकपत्रमा उल्लेख गरेको "दर्खास्त पेश गर्दा उक्त प्रमाणपत्र पेश गरेका थिएनन्" भन्ने तथ्यलाई शिक्षा विकास तथा समन्वय इकाइ मोरङको पत्रले खण्डित गरेको। यसै सन्दर्भमा सुदर्शन थापा विरुद्ध नेपाल सरकार भएको ने.का.प.२०६४, अंक ३ नि.नं. ७८२५ मा "हुदै नभएको योग्यता प्राप्त भएको छ भनी सो को प्रमाणपत्र पेश गरेर निज पुनरावेदकले आफू कृषि विकास बैंकमा नोकरी गर्ने भएबाट आफ्नो नोकरीलाई बल पुग्ने उद्देश्य लिएको भन्ने सम्झनुपर्ने देखिन्छ। नत्र कार्यालयमा पेश गर्नुपर्ने रेकर्ड राख्नुपर्ने प्रयोजन केही देखिदैन। सो प्रमाणपत्र पेश गर्नुको आशय पदमा बहाल रहिरहने र मौका प्राप्त हुँदा त्यसबाट लाभ लिने देखिन आएबाट झुठा विवरण पेश गरी सकेको कुरामा त्यसबाट लाभ लिएको छैन भन्ने पुनरावेदकले गरेको जिकीर मान्य हुने देखिएन" भनी प्रतिपादन भएको सिद्धान्तको प्रतिकुल भएको उक्त फैसला त्रुटीपूर्ण रहेको। |